चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. :
च.नं. :

# अनुमति लिएर मात्र विज्ञापन सामग्री राख्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८३/०४/११

चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति, संघसंस्था, कम्पनीबाट विज्ञापन राख्ने प्रयोजनका लागि निर्माण गरिएका वा राखिएका होर्डिङ्ग बोर्ड, लिड बोर्ड, फ्लेक्स, नियोन, साईन, ग्लो साईन, 2D,3D,ACP बोर्ड, ड्राई भिजन बोर्ड लगायतका बोर्ड राख्न र तिनमा विज्ञापन गर्न नगरपालिकाको स्वीकृती लिनुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बागमती प्रदेश आर्थिक ऐन, २०८३ को दफा ६ र चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०८३ मा व्यवस्था भएको हुँदा अब देखि त्यस्ता बोर्ड राख्न वा विज्ञापन गर्न नगरपालिकाको अनिवार्य स्वीकृती लिनु पर्ने व्यहोरा सूचित गरिन्छ।

साथै नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा अनुमति नलिई तथा कानून बमोजिम बुझाउनु पर्ने विभिन्न शुल्क तथा विज्ञापन कर नबुझाई जथाभावी रुपमा विभिन्न व्यक्ति, संघसंस्था, कम्पनीहरुले राखेका विज्ञापन तथा प्रचार-प्रसार सामग्री तथा उपरोक्त बमोजिमका बोर्डहरु राख्ने व्यक्ति, संघसंस्था तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र अनुमतिको लागि चन्द्रागिरि नगरपालिका राजस्व प्रशासन शाखामा सम्पर्क राखी नगरपालिकाको आर्थिक ऐन बमोजिम लाग्ने विज्ञापन कर तथा अन्य शुल्क बुझाई अनुमति लिनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तत् पश्चात यस कार्यालयबाट स्वीकृती विना राखिएका सम्पूर्ण विज्ञापन सामग्रीहरु हटाई जफत गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

..............................
(जगदिश चन्द्र नेपाली)
प्रमुख प्रशासकीय अधिकृत